

# मृत्युलाई पर्खिएर अर्को साँझ

स्वर्गीय सुमन

म हेरिरहेको छु
आकाशको निलिमा तिर
मेरो जिन्दगी जस्तै
इन्द्रेणी रङगहरु....।

त्यसबेला
मेरो मनको ट्रानजिटमा
आँधीजस्तै ठोक्कीएर
एक हुल नानीहरु
प्रश्नैप्रश्नको ल्याम्पोष्टहरु उभ्याउँछन्
वा के हो इतिहास ।
यो मुलुक कस्को हो ?
यो देह कस्ले आर्जेको हो ?

नानी हो
कसरी भनुँ
यो देश हाम्रो हो भनेर
यहाँ त्
नवीन बिहानको उद्घोष गर्न
यो देश
हाम्रो हो भन्नेहरुले
आफ्नै आमाको मुटु
बेचेर खाएको अध्यायहरु
चाहेर पनि पल्टाउन सक्दिन..॥

किनकि,
तिमीहरुलाई सजाय हुनेछ
त्यसैले त् पल्टाउन सक्दिन
इतिहासका प्रत्येक अध्यायहरु
बरु ! सुस्तालाई सोध
बरु ! कालापानीलाई सोध
बरु ! मेचीलाई सोध
सिमा स्तम्भ कहाँ छ ? भनेर ...।

देख्ने छौ
सिमा स्तम्धको बाँधभरी
दुःखको गीत बगिरहेको
अझै देख्ने छौं
हामी उभिएको भुगोलले नपुगेर
हाम्रै दिदि बहीनीहरुलाई
लुछन पल्केका गिद्धहरु......
त्यसबेला
बन्नेछौं आतङ्ककारी
तर
आतङ्ककारीको बिल्ला छाँतीभरी भिरेपनि
तिमिहरुको हातमा
एके फोटिसेभेनका म्यागजिनहरु हुने छैनन्
केवल आकाशमा उडिठरहेको चखेवाजस्तै स्वतन्त्र
हुनेछौं ...।

अनि
मुस्कुराउने छन् चामोलुङ्माजस्तै
हिमालको शिरमुनी
नेपाल झण्डाको शितल छाहारीमा
सेलो रोधी, साकेला,मारुनी,देउडा र सोरठ्ठीको
भाकाहरु गुनगुनाउँदै
बादलको सहरमा हराएका
घामका झुल्काहरु
संविधानको हरफहरु लेख्दा लेख्दै भाँचिएका कलम
खोजिरहेको हुनेछ
तिमीहरु जस्तै
अर्को हुल नानीहरु ...।

म मृत्युलाई पर्खिएर
अर्को साँझ बाँचेपनि .......।

खोटाङ
suman_201171@Yahoo.com